म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २७१ २०८० भदौ १० गते आइतबार 27 August 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-






**बालमैत्रीका लागि बालबालिका:** हेटौंडा-१ स्थित अमर माविको अग्रसरतामा बालमैत्री वडा र पालिकाको प्रवर्द्धनका लागि शनिबार बिहान निकालिएको बालबालिकाको र्‍याली । हेटौंडा उपमहानगरपालिकाले आगामी मंसिरसम्ममा बालमैत्री पालिका घोषणाको तयारी गरिरहेको छ ।

## रास्वपा क्षेत्रीय सभापतिमा पाठक र थापा

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको दुईवटा संघीय निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले क्षेत्रीय समिति चयन गरेको छ । शनिबार पार्टी जिल्ला कार्यालयमा बसेको बैठकले जिल्लाको क्षेत्र नम्बर १ मा टाकाराज थापा र क्षेत्र नम्बर २ मा सञ्जीव पाठकलाई सभापति चयन गरेको पार्टी जिल्ला सभापति भरत पराजुलीले बताउनुभयो ।

बैठकले क्षेत्र नम्बर १ को उपसभापतिमा जगदिश दाहाल र सचिवमा किशोर अर्याल चयन हुनुभएको छ । शिवकुमारी पाठक र राधा बजगाईंलाई सदस्य चयन गरिएको छ । बैठकले क्षेत्र नम्बर २ को उपसभापतिमा सन्तोष बतौंला र सचिवमा आशाकुमारी अधिकारीलाई चयन गरेको छ। सदस्यहरुमा राधिका सामरी र सन्दीपा डोटेललाई चयन गरेको छ। रास्वपाले मकवानपुरमा कैलाश गाउँपालिका र इन्द्रसरोवर गाउँपालिकाबाहेक अन्य पालिकाहरुमा पालिकास्तरीय समिति गठन गरिसकेको छ । बाँकी दुई पालिकामा केही दिनमै समितित गठन गरिने जिल्ला सभापति पराजुलीले बताउनुभयो ।

## दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवनमा दूध बोक्ने ट्याङकरमा ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । शुक्रबार दिउँसो मुग्लिनबाट नारायणगढ जाँदै गरेको ग १६ प ६९६८ नम्बरको मोटरसाइकल चितवनको भरतपुर महानगरपालिका-२९, पन्ध्रकिलोमा बा प्र ०१-००४ क ०५७३ नम्बरको दूध बोक्ने ट्याङकरमा ठोक्किएर दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक पर्वत जिल्लाको दुर्लाङ-१, धौलागिरी बस्ने ५८ वर्षीय हर्कबहादुर सुनार गम्भीर घाइते भएको र मोटरसाइकलमा पछाडि सवार नुवाकोटको शिवपुरी गाउँपालिका-६ बस्ने २९ वर्षीय सुवास तामाङ सामान्य घाइते भएका थिए । घाइते दुबैजनालाई उपचारका लागि चितवन मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा मोटरसाइकल चालक सुनारको मृत्यु भएको प्रहरीले जनाएको छ ।

## शिक्षकको परीक्षामा ८० प्रतिशत सहभागी

समाज संवाददाता

हेटौंडाः शिक्षक सेवा आयोगले शनिबार सञ्चालन गरेको निम्न माध्यमिक तहको विषयगत परीक्षामा ८० प्रतिशत परीक्षार्थी उपस्थित भएका छन् । बागमती प्रदेशबाट परीक्षा आवेदन फारम भरेर पहिलो चरणको परीक्षा उत्तीर्ण गरेका २ हजार ८ सय ३ जनामध्ये ८० प्रतिशत परीक्षार्थी उपस्थित भएका हुन् ।

हेटौंडाका विभिन्न १३ वटा परीक्षा केन्द्रबाट परीक्षार्थीले परीक्षा दिएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतमले जानकारी दिनुभयो । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले हेटौंडा-१ स्थित अमर मावि, हेटौंडा-२ स्थित सिद्धार्थ मावि, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय मावि, भुटनदेवी मावि, श्रमिक मावि, हेटौंडा-५ स्थित बालज्योति मावि र हेटौंडा-१० स्थित ज्ञानदा माविमा परीक्षा केन्द्र निर्धारण गरेको थियो ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
The Voice of Community






## सम्पादकीय

# डेंगु फैलन नदिऔं

हेटौंडामा पछिल्लो समय डेंगु संक्रमण व्यापक बन्दै गइरहेको छ । वर्षा भइरहेका कारण डेंगु संक्रमण अझ बढ्ने खतरा देखिएको छ । डेंगु बढ्दै जाँदा महामारीको रुप लिनसक्नेतर्फ सबै मानिस सचेत हुनु आवश्यक छ । डेंगु फैलन नदिन स्थानीय सरकारले विशेष चासो दिएर आम नागरिकलाई सचेत बनाउन सक्नुपर्छ । डेंगु लामखुट्टेको टोकाईबाट सर्ने एक प्रकारको किटजन्य सरुवा रोग हो एडिस एजिप्टाई/एलबोपिक्टस जातको संक्रमित लामखुट्टेको टोकाइबाट मात्रै यो रोग सर्दछ । यो लामखुट्टेलाई टिगर मस्क्वीटो पनि भनिन्छ । जुनसुकै उमेर समूहका व्यक्तिलाई पनि यो रोग लाग्न सक्छ । डेंगुको भाइरस डेन-१, डेन-२, डेन-३ र डेन-४ गरी ४ प्रकारका हुन्छन् । एक पटक एउटा प्रकारको डेंगु लागिसकेपछि जीवनभर त्यसै प्रकारको डेंगु रोग लाग्दैन, तर अन्य प्रकारको डेंगु रोग लाग्न सक्छ । दोस्रो पटक लाग्ने डेंगु पहिलेको तुलनामा बढी खतरनाक हुन्छ ।

डेंगु संक्रमण गराउने लामखुट्टेले सामान्यत: जमेको सफा पानीमा अण्डा पार्ने गर्दछ । एउटा लामखुट्टेको जीवनकाल करिब ३० दिनको हुन्छ भने आफ्नो जीवनकालमा ५ सयदेखि एक हजार वटासम्म अण्डा पार्ने गर्दछ । संक्रमित लामखुट्टेको सबै अण्डा संक्रमित हुने र त्यसबाट जन्मेका सबै लामखुट्टेले डेंगुको विषाणु बोकेको हुने भएकाले यसको संक्रमण व्यापक हुनसक्छ ।

करिब डेढ महिनादेखि पूर्वको धरान उपमहानगरपालिका क्षेत्रमा महामारीको रुपमा फैलिएको डेंगु हेटौंडा र आसपासका गाउँपालिकामा पनि फैलिइरहेको छ । हेटौंडा अस्पताल तथा निजी अस्पताल एवम् प्रयोगशालाहरुमा डेंगु जाँचका लागि आउनेको संख्या पनि बढ्दै गएको छ । पछिल्ला दिनहरुमा मकवानपुरमा दैनिक सरदर १५ जनामा डेंगुको संक्रमण पुष्टि भइरहेको छ । मकवानपुरमा साउनयता २ सय ४८ जनामा डेंगु पुष्टि भएको छ भने एक जनाको चितवनमा मृत्यु भएको छ । हेटौंडा उपमहानगरपालिकामा साउनयता शुक्रबारसम्म १ सय ७२ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । हेटौंडासँगै मनहरी, भीमफेदी, मकवानपुरगढी र बकैयामा डेंगुको संक्रमण बढ्दै गएको छ ।

पछिल्लो केही दशकदेखि विश्वभरी नै डेंगु रोगको संक्रमण अत्यधिकरुपमा बढ्दै गइरहेको छ । बितेको ५० वर्षमा यो रोगको संक्रमण ३० गुणा बढेको पाइएको छ । विश्वको आधाभन्दा बढी जनसंख्या यो रोगको जोखिममा रहेका छन् । एक सय २८ भन्दा बढी मुलुकका ३.९ अरब मानिसहरु यस रोगको जोखिमको क्षेत्रमा बसोबास गर्दछन् । प्रत्येक वर्ष झण्डै ३९ करोड मानिसमा डेंगु रोगको संक्रमण हुनुका साथै २० हजार भन्दा बढी व्यक्तिको मृत्यु हुने गरेको छ । नेपालमा सन् २००४ मा पहिलो पटक एक विदेशीमा डेंगुको संक्रमण भेटिएको थियो । सन् २००६ देखि तराईका विभिन्न जिल्लामा यसको संक्रमण देखिन थालेको थियो । पछिल्ला वर्षहरुमो नेपालको झापा, मोरङ, सुनसरी, मकवानपुर, चितवन, नवपरासी, रुपन्देही, कास्कीलगायत जिल्लाहरुमा यो रोग महामारीको रुपमा देखिएको छ । पछिल्ला वर्षहरुमा काठमाडौं उपत्यकासहित नेपालका सबै जिल्लामा डेंगुका बिरामी भेटिने गरेका छन् ।

डेंगुबाट जोकोही संक्रमित हुनसक्छन् । डेंगु संक्रमितमध्ये करिब १० प्रतिशतमा लक्षण देखिने गरेको छ । लक्षण देखिएकामध्ये पनि ५० प्रतिशतमा सामान्य भाइरल ज्वरो आउने, ४० प्रतिशतलाइ डेंगु ज्वरो आउने र १० प्रतिशतमा डेंगुको जटिल समस्या देखिने गरेको पाइन्छ । डेंगुविरुद्ध खोप तथा खास कुनै उपचारसमेत नभएकाले लामखु`को टोकाइबाट बच्नु नै यो रोगबाट बच्ने मुख्य उपाय हो । घर वरिपरि पानी जम्न नदिने, सुत्दा झुलको प्रयोग गर्ने, लामो बाउला भएको लुगा लगाउने, घरका झ्याल एवम् ढोकामा जाली लगाउने गर्दा यसको संक्रमणबाट बच्ने सम्भावना हुन्छ । लामखु`को बासस्थान र लार्भा नष्ट गरेर यसको संक्रमण कम गर्न सकिने भएकाले आम नागरिक सचेत र जागरुक बन्नु आवश्यक छ । डेंगु फैलन नदिन स्थानीय सरकारले वडा कार्यालयमार्फत् टोलटोलमा डेंगुसम्बन्धी सचेतना जगाएर यसबाट बच्न आवश्यक सहजीकरण गर्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : जोखिम र संकटले भरिपूर्ण समय योग छ ।
**वृष** : वस्तु खरिद बिक्रीमा समय व्यतित होला ।
**मिथुन** : आत्मबल र हौसलामा कमी आउने समय छैन ।
**कर्कट** : कामका माध्यमबाट धन र मान प्राप्त होला ।
**सिंह** : निर्णयात्मक काममा ध्यान केन्द्रित नहोला ।
**कन्या** : व्यवहारिक र सामाजिक जिम्मेवारी प्राप्त होला ।
**तुला** : स्थिर प्रयोजन र शेयर कारोबारमा लागनी बढ्ला ।
**वृश्चिक** : उचित काममा सहि निर्णय गर्न सकिने योग छ ।
**धनु** : अवसर प्राप्तिका लागी दौडधूप र परिश्रम होला ।
**मकर** : लगनशील र मिहिनेतले सम्मान प्राप्त हुनेछ ।
**कुम्भ** : परिश्रमले राम्रो प्रतिफल प्राप्त हुने समय छ ।
**मीन** : आध्यात्मिक भावनाको जागृत हुने समय योग छ ।

# परीक्षा किन आवश्यक छ ?



✍ सरोजप्रसाद साह



परीक्षा हामीले हामीलाई प्रमाणित गर्ने अवसर हो । 'परीक्षा' भनेको कसैको योग्यता, विशेषता, सामर्थ्य, गुण आदिको ठीकसित पारख गर्ने काम हो । कुनै वस्तुको गुण, दोष आदिको अनुभव गर्नका निम्ति गरिने प्रयोग पनि परीक्षा नै हो । परीक्षा लिने-दिने कार्य जहिले पनि चुनौतीपूर्ण हुन्छ। मानिसका जीवनमा परीक्षाको घडी बारम्बार आइरहन्छ । जीवनयापनका क्रममा आइपर्ने अनेकौं कठिन परिस्थितिलाई नै परीक्षाको घडी मान्न सकिन्छ । यस्ता परीक्षाका घडीलाई सहज ढङ्गले पार गर्न सक्ने मानिसले नै जीवनमा सफलता पाउन सक्छ । परीक्षाको घडीबाट सहजै पार पाउने व्यक्ति महान् पनि बन्दछ । त्यसैले हरेक व्यक्तिको योग्यता, चरित्र, व्यवहार, ज्ञान, सीप, गुण आदिको परीक्षा निरन्तर भइरहने गर्दछ । उहिले सीताको सतीत्वको जांच गर्नका लागि अग्निपरीक्षा लिइएको थियो अनि दानशील राजा शिविको पनि परीक्षा लिइएको थियो । यिनीहरु ती परीक्षामा सफल भएकै कारण अमर एवं महान् बनेका हुन् भन्ने कुरा हामीलाई थाहै छ ।

'परीक्षा' भन्ने शब्दले खास गरी शैक्षिक क्षेत्रमा व्यापकता पाएको छ । विद्यार्थीको योग्यता जाँच गर्ने काम नै परीक्षा हो । यसैका माध्यमबाट कुनै पनि विद्यार्थीको शैक्षिक योग्यता ठम्याउने गरिन्छ । विद्यार्थीले प्रत्येक तहको परीक्षा उत्तीर्ण गरी आफ्नो औपचारिक शिक्षा पूरा गर्दछ । स्कुल र क्याम्पसमा वर्ष वर्ष दिनमा पठनपाठन समाप्त भएपछि प्रत्येक तहको परीक्षा लिइन्छ र त्यस्ता परीक्षामा उत्तीर्ण हुने विद्यार्थीले मात्र माथिल्लो तहमा पुग्ने सौभाग्य पाउँछ । यस प्रकार प्रत्येक तहको परीक्षामा सजिलैसँग पार पाउने विद्यार्थीको भविष्य उज्ज्वल हुने कुरा सुनिश्चित छ । निश्चित शिक्षा प्राप्त गरिसकेपछि कुनै पनि व्यक्ति स्वत: शिक्षित कहलिन्छ । हामी सबैले आ-आफ्नो रुचिअनुसारका विषयहरू पढेर हरेक तहको परीक्षामा उत्तीर्ण भई आफ्नो भविष्य सुधार्न लागिपर्नुपर्छ ।

परीक्षा दिने व्यक्तिलाई परीक्षार्थी भन्ने गरिन्छ । परीक्षार्थीका लागि परीक्षाको समय अति नै महत्वपूर्ण हुन्छ । सबै परीक्षार्थीले परीक्षाका लागितोकिएको समयको महत्वलाई बुझेर परीक्षा दिनुपर्ने हुन्छ । यस्तो समयलाई कदापि त्यसै खेर फाल्नुहुँदैन । आफ्नो योग्यता जाँच्ने कसी परीक्षा नै भएकाले यस बेला सबैले अत्यन्त सजगतापूर्वक आफूभित्र रहेको प्रतिभा देखाउनुपर्दछ । यस्ता बेलामा अमर्यादित कामहरु गर्नुहुँदैन । यस्ता बेलामा होस नपुऱ्याउँदा जीवनभर दुःख पाउनुपर्ने अवस्था पनि आइलाग्न सक्तछ । परीक्षामा लापर्वाही गर्नु भनेको आफ्नो जीवनसित खेलबाड गर्नु पनि हो । त्यसैले परीक्षाका समयमा कुनै किसिमको गलत कदम उठाउनुहुँदैन ।

परीक्षा तीन प्रकारको हुन्छ- लिखित, मौखिक र प्रयोगात्मक । सोधिएका प्रश्नको उत्तर लेखेर दिनुपर्ने प्रकारको परीक्षा लिखित परीक्षा हो भने सोधिएका प्रश्नको उत्तर मुबैले दिनुपर्ने प्रकारको परीक्षाचाहिँ मौसिक परीक्षा हो । कुनै विषयका सम्बन्धमा नयाँ तथ्य पत्ता लगाउनका लागि प्रयोगशालाभित्र वा कतै अन्यत्र जाँच वा परीक्षण गरिने परीक्षा प्रयोगात्मक परीक्षा हो । परीक्षार्थीले यिनै तीन प्रकारका परीक्षा दिएर आफ्नो योग्यता देखाउँछ ।

परीक्षा दिँदा परीक्षार्थीले निकै चनाखो हुनुपर्दछ । परीक्षाका समयमा कदापि आत्तिनुहुँदैन । यस घडीमा दरो आत्मविश्वासका साथ सोधिएका प्रश्नको उत्तर लेख्न सक्नुपर्दछ । सर्वप्रथम त सोधिएका प्रश्नलाई राम्ररी पढेर बुझ्नुपर्दछ अनि अत्यन्त सरल किसिमले तिनको सटीक उत्तर दिनुपर्दछ । परीक्षा दिँदा समयको सही ढङ्गले सदुपयोग गर्नु पनि अत्यावश्यक हुन्छ । समयको ख्याल गरेर लेख्न सक्नु असल विद्यार्थीको लक्षण हो । कुनै पनि प्रश्नले अपेक्षा गरेअनुरूप नै त्यसको उत्तर दिनुपर्दछः अनावश्यक वा प्रश्नले चाहेभन्दा फाल्तू कुरा लेख्नुहुँदैन । धेरै लेख्ता बढी अङ्क पाइन्छ भनेर अनावश्यक रुपमा लामो उत्तर लेख्नु पनि मूर्खता हो । परीक्षा दिँदा हतार गर्नुहुँदैन किनभने कहिलेकाही हतारिएर लेख्ता उत्तर उल्टो वा गल्ती पनि हुन सक्छ । त्यसैले परीक्षा दिँदा कहिल्यै पनि हेलचेक्र्याइँ गर्नुहुँदैन ।

पढाइका अतिरिक्त हामीले अन्य क्षेत्रमा पनि परीक्षा दिनुपर्ने हुन्छ । खास गरी जागिर खानका लागि परीक्षा नदिई हुँदैन । सरकारी, गैरसरकारी क्षेत्रलगायत अरु जुनसुकै क्षेत्रमा जागिर पाउनका लागि परीक्षा दिनै पर्दछ । यसरी जागिरका लागि दिइने परीक्षा लिखित र मौखिक नै हुन्छन् अनि कहीं प्रयोगात्मक परीक्षासमेत दिनुपर्ने हुन्छ । लिखित परीक्षामा पास भएपछि मौखिक परीक्षा वा अन्तर्वार्ता दिनुपर्दछ । कुनै पनि परीक्षा दिँदा परीक्षार्थीमा आत्मविश्वास, धैर्य, निर्भीकता, चातुर्य आदिजस्ता कुराहरू हुनु जरुरी हुन्छ । यस्ता कुराहरूले जो कोहीलाई पनि पर ीक्षारुपी भयाङ चढ़ी सफलताको शिखरमा पुग्न सघाउ पुग्दछ ।

परीक्षाकै माध्यमबाट कुनै पनि व्यक्तिले आफूलाई विभिन्न क्षेत्रमा दक्ष र हेको देखाउन सक्तछ । परीक्षाले नै प्रत्येक व्यक्तिको दक्षतालाई नाप्ने जोस्ने काम गर्दछ । कुनै पनि व्यक्तिको चरित्र, स्वभाव, व्यवहार आदिको परीक्षा बेलाबेलामा भइर हेकै हुन्छ । त्यसैले हरेक व्यक्तिले आफूलाई चरित्रवान् देखाउन हरपल सचेत रहनु आवश्यक छ । कसैले पनि आफूलाई असल छोरो-छोरी, आमा-बाबु, गुरुचेलो अनि देशको असल नागरिकका रूपमा उभ्याउन परीक्षाका अनेकौं घडी पार नगरी हुँदैन । जीवनमा आइपर्ने अनेकौं परीक्षाका घडीमा पार पाउन सक्ने व्यक्ति साँच्चै महान् बन्न सक्तछ । त्यसैले परीक्षा डराउने हैन लड्ने घडी हो ।

# तराईबाट पहाड उक्लँदै थप विषालु बनेका सर्प



✍ डा. नरनाथ पाण्डे

नेपाली र पूर्वीय समाजमा प्रकृतिको पूजा विभिन्न दृष्टिकोणले गर्ने चलन छ । बोटबिरुवामा पीपल र तुलसीलाई विष्णु भगवानको अवतारको रुपमा पूजा गर्ने चलन छ ।

ढुङ्गा तथा शालिग्रामको पूजा गर्ने, नदीनालालाई पवित्र तीर्थाटन मान्ने, पशुमा गाई र कुकुरको पूजा गर्ने, पन्छीमा कागको पूजा गर्ने, सर्पको पूजा गर्ने जस्ता आदि चालचलनले नेपाली प्रकृतिप्रेमी छन् भन्ने कुरा प्रष्ट हुन्छ ।

यसको साथै गुरुङ समुदायमा त सबै वर्षको गणना समेत प्रकृतिका पशुपन्छीका नामका आधारमा गर्ने गरिन्छ भने अन्य विभिन्न धर्म सम्प्रदायमा समेत प्रत्यक्ष वा परोक्ष रूपमा प्रकृतिकै पूजा गर्ने चलन चलिआएको छ ।

पाश्चात्य समाजमा प्रकृतिलाई मानवलाई प्राप्त अथाह स्रोतसाधनको खानी भनी व्याख्या गरिन्छ र सकेसम्म प्रकृतिको दोहन गर्ने गरिन्छ । यस आलेखमा सर्पको बदलिंदो चरित्र, यसको टोकाइ र उपचारका बारेमा छोटो चर्चा गरिनेछ ।

### सर्प, मान्छे र प्रकृति

सर्प वातावरणको लागि अति आवश्यक प्राणी हो र इकोसिस्टममा सर्पको पनि महत्वपूर्ण भूमिका हुने भएकाले सर्पलाई संरक्षण गर्नुपर्छ भन्ने अभियान चलाइएको छ ।

सर्पले सितिमिति मानिसलाई खोजी-खोजी टोक्ने नभई आकस्मिक दुर्घटना र परिस्थितिका कारण टोक्ने गर्छ र यो मानिसको दुश्मन होइन भन्ने सर्प संरक्षणका अभियन्ताहरूको भनाइ पाइन्छ । अभियन्ताहरू सर्पलाई मार्न नहुने बरु संरक्षण गर्नुपर्नेमा जोड दिन्छन् ।

नेपालको तराई भेगमा प्रत्येक वर्ष गर्मी तथा वर्षायाममा मात्र करिब ४० हजार जनालाई सर्पले टोकेको पाइन्छ । तीमध्ये करिब ३ हजार बिरामीहरूको मृत्यु हुन्छ । आजकल सर्पको टोकाइको बारेमा भएको जनचेतना र औषधिको उपलब्धताले गर्दा मृत्युदरमा कमी आएको छ ।

२० वर्षअघि यस्तो मृत्युदर १८.७ प्रतिशत रहेकोमा हाल ६.६२ प्रतिशत मात्र छ । यदि सर्पदंशको उपचार सर्वसुलभ भयो भने सर्पको टोकाइबाट कोही पनि मर्नुपर्दैन जुन विशिष्ट उपचारबाट निको हुने समस्या हो ।

विश्वको तथ्याङ्क हेर्ने हो भने वार्षिक ५.५ करोड व्यक्तिहरू सर्पको टोकाइबाट पीडित हुन्छन् र तीमध्ये १ लाख ३८ हजारको मृत्यु हुने गर्छ । बाँकी ४ लाख व्यक्तिहरूको कडा सङ्क्रमण हुने वा हातखुट्टा नै काट्नुपर्ने अवस्था छ ।

सबैभन्दा सर्पको टोकाइ बङ्गलादेश, नेपाल, भारत, पाकिस्तान र श्रीलंकामा हुने पाइएको छ र तीमध्ये ७० प्रतिशत विश्वको कुल सर्पको टोकाइको तथ्यांक हो ।

नेपालमा सर्पको टोकाइ प्रायः ग्रामीण बस्तीका न्यून आर्थिक अवस्था भएका व्यक्तिहरुमा हुने पाइएको छ । सर्पको टोकाइ एउटा अनपेक्षित खालको समस्या हो जसलाई आजसम्म खासै प्राथमिकतामा राखेको पाइँदैन तर यो तराई भेगमा निकै ठूलो समस्याको रुपमा रहेको छ र मृत्युदर बढी छ । यसरी लुकेर रहेको यो विकराल समस्या समाधान गर्न नीतिनिर्माता लाग्नुपर्ने देखिन्छ ।

### सर्पका प्रकार

सर्पहरुको बनावट लगभग उस्तै हुन्छ तर सर्पको रङ, कत्ला, आँखा र टाउकोको आधारमा सर्पहरू विभिन्न प्रकारका हुन्छन् । विषालु र विषरहित सर्प समेत यस्तै विशेषताका आधारमा छुट्याइन्छ ।

नेपालको तराई भेगमा पाइने मुख्य विषालु सर्पहरू गोमन/कोब्रा र करेत नै हुन् । यी बाहेक नेपालमा पाइने केही सर्प यसप्रकार छन्:

१. हरियो सर्प (विष रहित)
२. हरियो पिट भाइपर (विषालु सर्प)
३. रसेल भाइपर (खतरनाक विषालु सर्प)
४. तिब्बतियन पिट भाइपर (विष रहित)
५. हिमालयन पिट भाइपर (विष रहित)
६. पाइथोन (विष रहित तर हानिकारक)
७. करेत (अति विषालु)
८. कोब्रा वा किङ्ग कोब्रा (गोमन सर्प/अति विषालु)
९. क्याट स्नेक (बिराले सर्प/विषालु)
१०. कुक्री सर्प, वोल्फ सर्प, कोरल सर्प, पानी सर्प आदि ।

नेपालमा हालसम्म २१ प्रकारका विषालु सर्पहरू पाइएका छन् । विश्वव्यापी तापक्रम वृद्धि र जलवायु परिवर्तनसँगै सर्पहरु केवल तराई भेगमा मात्र सीमित नरही पहाडतर्फ समेत पाउन थालिएका छन् ।

अनुसन्धानले देखाए अनुसार विषालु सर्पको विष अझ बढी मात्रामा विषालु बन्दै गइरहेको अवस्था छ ।

कोब्रा वा किङ्ग कोब्रा सबैभन्दा बढी विषालु हुन्छ र यसले टोकेमा बढी परिमाणमा शरीरभित्र विष पठाइदिन्छ, जसका कारण श्वास-प्रश्वासमा समस्या आई बिरामीको मृत्यु हुने गर्छ । यो सर्प तराई भाग र ३५०० मिटर माथिका भागहरूसम्म नेपालमा पाइएको छ ।

### विषालु सर्पको विष विरुद्धको औषधि (एन्टी भेनम)

नेपालमा सर्पको विषमा उपचार हुने एन्टी भेनम औषधि भने ४ प्रकारका मात्र प्रयोगमा आएका छन् । यी औषधिहरूको उत्पादन निकै महँगो पर्छ र नेपालमा उत्पादन नै हुँदैन ।

सर्पको विष, घोडा र भेडाको रगतमा दिएपछि त्यहाँ उत्पन्न हुने विष विरुद्धको पदार्थ रगतबाट निकाली प्रशोधन गरेर मात्र उक्त औषधि (एन्टी भेनम) तयार हुन्छ । जुन उत्पादन खर्च सस्तोदेखि निकै महँगो समेत पर्न जान्छ ।

एक भाइलको उत्पादन मूल्य मात्र सर्पको आधारमा फरक फरक पर्न जान्छ । कहिलेकाहीं कम्तीमा पनि २२०० डलर पर्छ भने कुनै एउटा बिरामीलाई बचाउन कम्तीमा पनि ३० हजार डलरको औषधिको

...बाँकी पृष्ठ ३ मा

# साहित्यकार तुल्सी थापा देवघाटमा अन्त्येष्टि



*साहित्यकार तुल्सी थापाको अन्त्येष्टि गरिँदै ।*

समाज संवाददाता

देवघाटः साहित्यकार तुल्सी थापाको शनिबार बिहान चितवनको देवघाटमा अन्त्येष्टि गरिएको छ । ७८ वर्षको उमेरमा शुक्रबार बिहान चितवनस्थित पुरानो मेडिकल कलेजमा उपचारको क्रममा थापाको निधन भएको थियो । परिवारका सदस्य, आफन्त, साहित्य, शिक्षा क्षेत्रका व्यक्तित्वहरुको उपस्थितिमा थापाको अन्त्येष्टि गरिएको छ ।

मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिका भैँसेमा वि.सं. २००२ असोज ३ गते आमा उमादेवी थापाको कोखबाट जन्मनुभएका थापा हेटौँडा-११ मा बस्दै आउनुभएको थियो । शिक्षण पेशाबाट निवृत्त हुनुभएपछि थापाले साहित्यमा विशेष योगदान दिनुभएको छ । थापाको दाना कविता संग्रह “एक निमेष अनन्तको (२०५८)”, “अमर सिंहको खोजीमा अमर सिंह नाटक (२०६१)” र कथासंग्रह “फरक आकाश (२०७२)” प्रकाशित छन् । थापाले कविता विधामा नयाँ दाना कविताको सुरुवात समेत गर्नुभएको छ ।

थापा भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानका पूर्व अध्यक्ष समेत हुनुहुन्थ्यो । थापाले गोरखा दक्षिण बाहु चौथो (२०४४), नारायणी वाङ्मय पुरस्कार (२०५८) सहित विभिन्न सम्मान प्राप्त गर्नुभएको छ । सरकारी शिक्षकबाट निवृत्त पश्चात् थापाले हेटौँडाका २ वटा संस्थागत विद्यालयमा एकेडेमिक एडभाइजर र प्रधानाध्यापकको भूमिका समेत निर्वाह गर्नुभएको थियो ।

# ३५ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौँडाः हेटौँडा अटोमोबाइल्स एसोसिएसनले शनिबार हेटौँडाको बुद्धचोकमा रक्तदान कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा ३५ जनाले रक्तदान गरेका छन् ।

रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौँडाको प्राविधिक सहयोग रहेको थियो । एसोसिएसनका अध्यक्ष दामोदर प्रसाद अटलको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रमको उद्घाटन समारोह भएको थियो ।

एसोसिएसनले वार्षिक सामाजिक कार्यक्रमको रुपमा रक्तदान कार्यक्रमको आयोजना गरेको जनाएको छ ।

## तराईबाट पहाड...

आवश्यक पर्न सक्छ । तर नेपालमा हाल यो औषधि सबै सर्पको विषका लागि लगभग मिल्ने खालको पाइन्छ जुन निःशुल्क रूपमा वितरण गर्ने गरिन्छ ।

**सर्पदंशको उपचार पद्धति**

नेपालमा सर्पले टोकेमा परम्परागत उपचार विधिबाट उपचार गर्ने चलन छँदैछ । परम्परागत धामी-झाँक्रीले फुकेर, चुसेर, मन्त्र उच्चारण गरेर, विशेष प्रकारको ढुङ्गाको प्रयोग गरेर, बिरामीलाई बढी मात्रामा जाँडरक्सी खुवाएर, पिरो खुर्सानी खुवाएर, टोकेको ठाउँ माथि निकै बढी कसिने गरी बाँधेर, टोकेको भाग वा अङ्ग काटेर जस्ता आदि उपचार पद्धतिबाट उपचार गरिन्छ जुन अवैज्ञानिक उपचार पद्धतिका कारण पनि नेपालमा सर्पको टोकाइबाट हुने मृत्युदर बढी भएको हो ।

यस्तो मृत्युदर घटाउन सर्पको टोकाइबाट बच्ने र टोकिहालेमा प्राथमिक उपचार गरी विशिष्ट उपचारका लागि यथाशीघ्र अस्पतालमा जाने रणनीति अपनाउनुपर्छ ।

जुनसुकै सर्पले टोकेको किन नहोस् बिरामीलाई विषको प्रभाव देखापर्नासाथ उपचार सुरु गरिहाल्नुपर्छ। नत्र विषको प्रभाव कडा रुपमा देखापरिसकेपछि बाँच्ने सम्भावना कम हुँदै जान्छ र थप विशिष्ट उपचारको (भेन्टिलेटरमा राखेर गरिने) जरुरी पर्छ ।

**सर्पले टोकेमा देखापर्ने लक्षण र चिह्न**

विषालु सर्पले टोक्दा प्रष्ट रूपमा गहिरा दुई वटा डोबयुक्त घाउ देखापर्छ र घाउबाट रगत बग्छ तर विषरहित सर्पले टोकेमा दुई वटा डोब नदेखिई अरू धेरै वटा दाँतको डोब देखिन सक्छ ।

कुनै सर्पको टोकाइको विषको प्रभावले स्नायु प्रणाली र कुनै सर्पको विषले रगत बग्ने, रगत उल्टी गर्ने र मुटु फुटेर मृत्यु पनि हुनसक्छ। गोमन र करेत सर्पले टोकेर त्यसको विषको प्रभाव शरीरमा परिहालेमा स्नायु प्रणालीमा समस्या देखा पर्छ ।

सुरुको समस्या भनेको आँखाको माथिल्लो ढकनी खोल्न नसक्नु हो । त्यस अवस्थालाई टोसिस भनिन्छ । अनि डराउने, तर्सने, मुख खोल्न नसक्ने, जिब्रो चलाउन नसक्ने, निल्न नसक्ने, हातखुट्टा र अनुहारमा पक्षाघात हुने, सास फेर्न कठिनाइ हुने, शरीर नीलो देखिने, मुखबाट र्‍याल र फिंज निस्कने, बिरामी छट्पटिने, चिच्याउन खोज्ने, पसिना आउने, उल्टी आउने, चक्कर लाग्ने, बेहोश हुने र छिट्टै मृत्युवरण गर्ने जस्ता लक्षण देखिन्छन् ।

**सर्पदंश भएमा गर्नुपर्ने र गर्न नहुने व्यवहार**

सर्पले टोकिहालेमा सकभर कुन सर्पले टोक्यो भनी सर्पको पहिचान गर्नुपर्छ। अनि टोकेको भाग वा अंग नचलाई राख्ने, नदगुर्ने, नआत्तिने, टोकेको ठाउँमा नकाट्ने बरु सक्दो छिटो साबुनपानीले राम्रोसँग घाउ सफा गर्ने, टोकेको ठाउँभन्दा माथि पर्ने गरी उपलब्ध छ भने क्रेप ब्याण्डेजले बाँध्ने नत्र रुमाल वा कपडाको टुक्राले हल्का बाँध्नुपर्छ र अङ्ग नचलाई स्थिर राख्ने अनि बिरामीलाई सान्त्वना दिंदै यथाशक्य छिटो अस्पताल लगिहाल्नुपर्छ ।

यसरी सामान्य रूपको प्राथमिक उपचार टोकेको स्थानमै गर्न सकियो भने बिरामीलाई विषको प्रभाव छिटो पर्दैन र अस्पताल पुर्‍याई उपचार गर्न सकिन्छ । यी तरिकाहरू बाहेक अन्य खालका परम्परागत उपचार पद्धतिले बिरामीलाई छिटो विष लाग्ने र मृत्यु हुनसक्छ ।

सर्पले टोकेमा विष नलागे तापनि घाउमा सङ्क्रमण हुने, धनुष्टंकार हुनसक्ने, सङ्क्रमित भागको मासु सड्न सक्ने जस्ता आदि समस्या थपिन सक्ने भएकोले त्यस्ता समस्या निराकरणका लागि समेत अस्पताल जानैपर्छ ।

सर्प पूर्वीय समाजमा पूजा गरी आदर प्रकट गरिने जीव हो तर यो ठूलो दुर्घटनाको कारण पनि हो । प्रायः सर्पले आफैं टोक्दैन भनिन्छ । सर्पले टोक्ने कारण आफूमाथि आइपर्न सक्ने सम्भावित खतराको कारणले हो भने कहिलेकाहीं मानिसले अज्ञानतावश सर्पलाई छुँदा वा उसका बच्चा नजिक जाँदा टोक्न सक्छ ।

सर्पले टोकेर मृत्यु भइहाल्दैन किनकि संसारभर पाइने करिब ३ हजार सर्पमध्ये केवल ४०० जति सर्प मात्र विषालु हुन्छन् र कहिलेकाहीं विषालु सर्पले नै टोकिहालेमा पनि विष नखसेको हुनसक्छ र विष नलाग्न सक्छ । यदि प्राथमिक उपचार समयमै गरियो, सान्त्वना प्रदान गर्न सकियो र छिटो माध्यमले सुविधासम्पन्न अस्पतालमा लैजान सकियो भने विषालु सर्पले टोकेतापनि बिरामीको बाँच्ने सम्भावना बढी हुन्छ ।

त्यसकारण लापरवाही नगरी, परम्परागत उपचारमा नलागी अस्पताल जाने बानीको विकास गर्न आजैदेखि सचेत बन्नु जरूरी छ ।

*(जीवनशैली व्यवस्थापनमा विद्यावारिधि गरेका लेखक प्राध्यापक हुन् । स्रोतः अनलाईखबर)*

# नमूना टोल बनाउन अन्तरक्रिया

समाज संवाददाता

हेटौँडाः हेटौँडा-६ स्थित रक्षादेवी टोल विकास संस्थालाई नमूना टोलको रुपमा विकास गर्न अन्तरक्रिया गरिएको छ । स्थानीय नव जीवनज्योति क्लबले रक्षादेवी टोललाई नमुना टोलको रुपमा विकास गर्न अन्तरक्रियाको आयोजना गरेको हो ।

अन्तरक्रिया क्लबका अध्यक्ष राजकुमार बास्तोलाको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा भएको थियो । अन्तरक्रियामा वडाअध्यक्ष बिष्णु बहादुर दाहाल, निवर्तमान वडा अध्यक्ष अर्जुन चौलागाईको पनि आतिथ्य रहेको थियो । अन्तरक्रियामा वडा तहका राजनीतिक दलका नेता, सामाजिक संघ, संस्थाका प्रतिनिधिको पनि उपस्थिति रहेको थियो ।

# थाहा चलचित्र महोत्सव हुने

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको थाहा नगरपालिकामा थाहा चलचित्र महोत्सव-२०२३ हुने भएको छ । कार्यक्रम संयोजक प्रमोदकृष्ण जोशीले शनिबार पत्रकार सम्मेलनमार्फत थाहा नगरपालिकाको आयोजनामा असोज ९ गतेदेखि १५ गतेसम्म थाहा चलचित्र महोत्सव हुने जानकारी दिनुभयो । थाहा नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको बताइएको छ ।

थाहा कला केन्द्रले पर्यटनका लागि चलचित्र महोत्सव भन्ने नारासहित महोत्सवको आयोजना गर्न लागिएको जनाएको छ । महोत्सवका लागि बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र थाहा नगरपालिकाको सहयोग रहेको छ । चलचित्र, लघुचलचित्र, म्युजिक भिडियो, ब्लग तथा इत्यादि छायाङ्कनस्थलको विकास तथा प्रचार गर्ने, थाहा नगरपालिकाको मुख्य-मुख्य पर्यटकीय क्षेत्रहरुको पहिचान गरी महोत्सवमार्फत प्रचार गर्ने बताएको छ ।

यसैगरी चलचित्र, लघु चलचित्र, म्युजिक भिडियो, इत्यादि क्षेत्रका अग्रज कलाकारहरुलाई थाहाको बारेमा जानकारी गराउने, कार्यक्रम अवधिभर थाहाको पर्यटकीय क्षेत्रको अवलोकन गर्न लगाउने, थाहा नगरपालिकाको पर्यटन प्रवर्द्धन हुने खालका तस्बिरहरु अवलोकनका लागि कार्यक्रमस्थलमा राखिने बताइएको छ । महोत्सवमा निर्देशक, कलाकार तथा निर्माण पक्षसँग अन्तरक्रिया गरिनेछ । महोत्सव आयोजनाका लागि २७ लाख ८० हजार रुपैयाँ लागत अनुमान गरिएको छ ।

# नगरस्तरीय चित्रकलामा गौतम प्रथम

समाज संवाददाता

हेटौँडाः नगरस्तरीय चित्रकला प्रतियोगितामा हेटौँडा उपमहानगरपालिका-७ की विपीका गौतम प्रथम हुनुभएको छ । शनिबार नगरस्तरीय बाल समूह सञ्जाल हेटौँडाको आयोजनामा भएको चित्रकला प्रतियोगितामा सहभागी १८ जना प्रतियोगीलाई उछिन्दै गौतम प्रथम हुनुभएको हो ।

प्रतियोगितामा हेटौँडा-२ की स्वस्ती शाक्य द्वितीय, हेटौँडा-१३ का समीर गोले तृतीय र हेटौँडा-६ का सुरज श्रेष्ठ सान्त्वना भएका छन् । प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः २ हजार, १ हजार ५ सय, १ हजार र ५ सय रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको छ । सञ्जालका अध्यक्ष सौरज देवकोटाको सभाध्यक्षता तथा हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भएको प्रतियोगितामा हेटौँडा उपमहानगरपालिकाका महिला तथा बाल विकास महाशाखाका प्रमुख विष्णुकुमारी लामिछाने, बालमैत्री नगर सम्पर्क व्यक्ति बिना ठिके, हेटौँडा-१२ का बालमैत्री सम्पर्कव्यक्ति गीता परियार, बालमैत्री नगर सहजकर्ता सपना ढुंगानालगायत वडाका बालमैत्री सहजकर्ताहरुको उपस्थिति रहेको थियो ।

DURBAR AGROMART
We Are Open
DURBAR MART
Hetauda–4,
Shitalmahal road



सूचना ! सूचना !! सूचना !!!

यहि आउँदो भदौ १६ गते काठमाडौँ शहिद गङ्गालाल हृदय केन्द्र काठमाडौँबाट वरिष्ठ मुटु रोग विशेषज्ञ डा. बिवेक बानिया आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप (High blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नु होला ।

हाम्रो सेवाहरू


- Echo (मुटुको video X-ray) सेवा
- ECG, video X-ray सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुति सेवा सम्बन्धि
- नाक, कान तथा घाँटी रोग सम्बन्धि सेवा




सम्पर्कः मकवानपुर पोलिक्लिनिक
हेटौंडा–१, भिन्तुनापथ
०५७–५२५८०१, ९८४५२३७६११, ९८०७१३१३६४
(सन्चो हस्पिटल अगाडी, मकवानपुर सहकारी हस्पिटल सङ्गै)

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७ :00 बजेदेखि बेलुका ७ :00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

स्वादिष्ट नेवारी खाजा



अब



होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

# स्पेनिस एफए अध्यक्ष निलम्बित

काठमाडौं: फिफा महिला विश्वकपको फाइनलमा आफ्नै देशको खेलाडीलाई चुम्बन गरेपछि विवादमा तानिएका रोयल स्पेनिस फुटबल फेडरेशनका अध्यक्ष लुइज रुबियल्सलाई विश्व फुटबलको सर्वोच्च निकाय फिफाले निलम्बन गरेको छ ।

विश्वकपको फाइनलमा इङ्ल्याण्डलाई हराएर स्पेनले पहिलोपटक ऐतिहासिक उपाधि जितेपछि पुरस्कार वितरण समारोहमा ४६ वर्षीय लुइजले स्पेनिस फरवार्ड जेनिफर हर्मोसोलाई ओठमा चुम्बन गरेका थिए। अध्यक्ष लुइजको यो हर्कत मिडियामा आएपछि उनको चौतर्फी विरोध र आलोचना भएको थियो।

फिफाले पनि यसबारे छानविन गर्ने घोषणा गरेको थियो। साथै यो घट्नापछि उनले आफ्नो पदबाट राजिनामा दिने पनि बताइएको थियो । तर उनले राजिनामा दिन अस्वीकार गरेपछि फिफाले उनलाई निलम्बन गरेको हो। यो घट्नापछि स्पेनिस फुटबल फेडरेशनमा पनि खैलाबैला मच्चिएको छ। केही वरिष्ठ पदाधिकारीहरुले राजिनामा पनि दिइसकेका छन् । उता फिफाले लुइजसँगै स्पेनिस एफएका अन्य कसैले पनि जेनिफर हर्मोसोलाई सम्पर्क नगर्न आदेश पनि दिएको छ ।

स्रोत: गोलनेपाल ।

# सितोरियो करातेको जिल्ला अध्यक्षमा तामाङ



समाज संवाददाता

हेटौंडा: नेपाल सितोरियो कराते संघ मकवानपुरको अध्यक्षमा दीपकबहादुर तामाङ चयन हुनुभएको छ । शनिबार हेटौंडा-४, परिजातपथमा रहेको बहुउद्देश्यीय कभर्ड हलमा भएको भेलाले तामाङको अध्यक्षतामा २१ सदस्यीय कार्यसमिति चयन गरेको हो ।

संघको उपाध्यक्षमा रामलाल थोकर, सचिवमा दीर्घबहादुर लामा, सहसचिवमा सुमन रायमाझी र कोषाध्यक्षमा विष्णु गुरुङ चयन हुनुभएको छ । सदस्यमा भीम घलान, नेत्रबहादुर राई, सुरेन्द्र थापा मगर, रामशरण माझी, सिंहबहादुर थिङ, बबिता बलामी, विष्णु श्रेष्ठ, नारायण श्रेष्ठ, सनिल खड्गीलगायत छन् ।

नवनिर्वाचित अध्यक्ष तामाङले आगामी दिनमा कराते खेलको विकासका लागि पूर्वाधार निर्माण तथा डोजो निर्माणमा क्रियाशील हुने प्रतिवद्धता व्यक्त गर्नुभयो। नेपाल कराते महासंघ बागमती प्रदेश अध्यक्ष गगन लामाको उपस्थितिमा भेला भएको हो ।

# गोलभेंडाको मूल्य घट्दै

समाज संवाददाता

हेटौंडा: हेटौंडामा गोलभेंडाको मूल्य घट्दै गएको छ । पछिल्लो ३ दिनदेखि गोलभेंडाको मूल्य घट्दै गएको व्यवसायीको भनाइ छ ।

हेटौंडा-१, राप्तीबगरस्थित तरकारी थोक बजारमा शनिबार गोलभेंडा प्रतिकेजी ५० रुपैयाँदेखि ७० रुपैयाँसम्ममा बिक्री भएको छ। काउली प्रतिकेजी ७० रुपैयाँमा बिक्री हुँदा भिण्डी, भन्टा, बोडी र काँक्रो प्रतिकेजी ५० रुपैयाँमा बिक्री भएको व्यवसायी राजेन्द्र कार्कीले जानकारी दिनुभयो । तरकारी थोक बजारमा स्कुस प्रतिकेजी २५ रुपैयाँ र बन्दा प्रतिकेजी ३५ रुपैयाँमा बिक्री भएको छ । यस्तै, मुला र तितेकरेला प्रतिकेजी ४० रुपैयाँ, लौका प्रतिकेजी ४५ रुपैयाँ, चिचिण्डा प्रतिकेजी ३५ रुपैयाँ र घ्युसिमी प्रतिकेजी ६० रुपैयाँमा बिक्री भएको कार्कीले जानकारी दिनुभयो। रायोको साग प्रतिमुठा ४० रुपैयाँ, फर्सीको मुन्टा प्रतिमुठा ५० रुपैयाँ र स्कुसको मुन्टा प्रतिमुठा ५० रुपैयाँमा बिक्री भइरहेको व्यवसायीको भनाइ छ ।

हेटौंडामा गोलभेंडा काठमाडौं र पालुङबाट आउने गरेको छ । काउली कुलेखानी र पालुङबाट, भिण्डी वीरगञ्ज र हाँडीखोलाबाट आउने गरेको व्यवसायी कार्कीले जानकारी दिनुभयो। यस्तै, भन्टा र लौका चितवनबाट र स्कुस पालुङबाट आउने गरेको छ। बन्दा र मुला पालुङबाट र तितेकरेला र बोडी हाँडीखोलाबाट ल्याइरहेको व्यवसायी कार्कीले बताउनुभयो ।

इन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ।
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।

हार्दिक समवेदना



जन्म: २००२/०६/०३
देहावसान: २०८०/०५/०८

स्व. तुल्सी थापा

यस विद्यालयका पूर्वप्राचार्य एवम् सञ्चालक समिति सदस्य, मकवानपुरका साहित्यिक, शैक्षिक एवम् समाजसुधारक व्यक्तित्व तुल्सी थापाको ७८ वर्षको उमेरमा निधन भएको खबरले हामी स्तब्ध छौँ। यस दुःखद घडीमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

ईश्वर प्रसाद लामिछाने (प्रिन्सिपल)
रमिला सापकोटा (अध्यक्ष, विव्यस)
ऋषिराम पोखरेल (अध्यक्ष, ज्ञावससंलि)
एवम्
ज्ञानदीप शिक्षा (जी. एस.) निकेतन मा.वि. परिवार, हेटौंडा-५, मकवानपुर

हार्दिक श्रद्धाञ्जली




स्व. तुल्सी थापा

जन्म: २००२ असोज ३ गते
स्वर्गारोहण: २०८० भदौ ८ गते

शिक्षा र साहित्यमार्फत समाजको सकारात्मक रुपान्तरणका लागि आफ्नो जीवन समर्पण गर्नुभएका आदरणीय **तुल्सी थापा**को निधनको खबरले मर्माहत भएका छौं । स्वर्गीय तुल्सी थापाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछौं ।

विनोद सुवेदी, अध्यक्ष
एवम् निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुर परिवार
हेटौंडा, मकवानपुर

हार्दिक श्रद्धाञ्जली



स्व. तुल्सी थापा

जन्म: २००२ असोज ३ गते
स्वर्गारोहण: २०८० भदौ ८ गते

शिक्षा र साहित्यमार्फत समाजको सकारात्मक रुपान्तरणका लागि आफ्नो जीवन समर्पण गर्नुभएका आदरणीय **तुल्सी थापा**को निधनको खबरले मर्माहत भएका छौं । स्वर्गीय तुल्सी थापाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछौं ।

सुरेश श्रेष्ठ, सम्पादक
एवम् समृद्ध समाज दैनिक परिवार
हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ